छ।


# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ९) भिमाद मंसिर २८ गते, २०८२ साल (संख्या ७)


## भाग २

## भिमाद नगरपालिकाको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### भिमाद नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८२

भिमाद नगरपालिका स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनका लागि सहजीकरण गरी नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउदै नगरपालिकका भित्रका "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्ति र मनोसामाजिक समस्या भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य बीमाको दायरामा आवद्ध गराई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपाङ्गता भएका नागरिकको मौलिक हक अधिकारको संरक्षण गर्दै स्वास्थ्य सेवामा सहज र सरल पहुँच सुनिश्चित गर्ने सम्बन्धमा भिमाद नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले भिमाद नगरपालिका विनियोजन ऐन, २०८२ को दफा ४ बमोजिम भिमाद नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८२ जारी गरिएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u>ः (१) यस कार्यविधिको नामः "**भिमाद नगरपालिकाको स्वास्थ्य बीमा सञ्चालन (दोस्रो संशोधन) कार्यविधि २०८२**" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. <u>**मूल कार्यविधिको प्रस्तावनामा संशोधनः**</u> मूल कार्यविधिमा रहेको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ।

"भिमाद नगरपालिकाबाट वार्षिक रुपमा बजेट विनियोजन भई संचालन हुने अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गर्नको लागि भिमाद नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।"

**३. मूल कार्यविधिको दफा ३ मा संशोधनः** मूल कार्यविधिको दफा ३ को उपदफा (१) पश्चात देहायको उपदफा (२) थप गरिएको छ ।

"(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रका सरकारी, निजी, गैर सरकारी संघ संस्थावाट नियमित सुविधा नलिएका व्यक्तिले मात्र यस कार्यविधि बमोजिम सुविधा प्राप्त गर्ने छन्।"

**४. मूल कार्यविधिको दफा ५ मा संशोधन** :- मूल कार्यविधिको दफा ५ को खण्ड (ग) पश्चात देहायको खण्ड (घ) थप गरिएको छ।

"(घ) लाभग्राहीले राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रका सरकारी, निजी, गैर सरकारी संघ संस्थावाट नियमित सुविधा नलिएको भनी स्वघोषणा गर्नुपर्ने ।"

आज्ञाले

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू. १०।-**